निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय, गोरखा

प.सं. : ०७९/०८०

च.नं. : ..६५.........

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय गोरखा २०६१

मिति: २०७९/०५/०१

श्री गाउँ/नगरपालिका,
गाउँ/नगर कार्यपालिकाको कार्यालय सबै,
गोरखा ।

विषय: सूचना/विवरण सार्वजनिक गरी मुचुल्का सहितको जानकारी गराईदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा निर्वाचन आयोग नेपालद्धारा मिति २०७९/०५/०१ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनकि सूचना बमोजिम स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा स्थानीय तहको विभिन्न पदमा उमेदवारी दिई तोकिएको समयावधिभित्र खर्च विवरण पेश गर्ने निर्वाचित वा पराजित उम्मेदवारहरु मध्ये पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुख पदका उमेदवारहरुले आफुले निर्वाचनमा गरेको खर्च विवरण सम्बन्धित पालिकामा सार्वजनिक गर्ने र वडाअध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य तथा खुला सदस्य पदका उमेदवारहरुले आफुले निर्वाचनमा गरेको खर्च विवरण उक्त सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित वडा कार्यालयमा सार्वजनिक गर्नुपर्ने हुन्छ ।

यसरी तोकिएको समयावधिभित्र खर्च विवरण सार्वजनिक गर्न आउने अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुख पदका उमेदवारहरुको खर्च विवरण तहाँ पालिका मार्फत मुचुल्का उठाई तथा वडाअध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य तथा खुला सदस्य पदका उम्मेदवारहरुको खर्च विवरण वडा मार्फत मुचुल्का उठाई तहाँ पालिका तथा वडाको वेवसाइट एवं सूचना पाटीमा सार्वजनिक गरिदिनुहुन अनुरोध छ ।

साथै, निर्वाचन आयोगबाट मिति २०७९/०५/०१ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा विभिन्न पदमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र खर्च विवरण पेश नगर्ने (विलम्ब/ढिला गरी पेश गर्ने समेत) उम्मेदवारहरुले *तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्च विवरण नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा ४ बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण* उक्त सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निर्वाचन आयोग नेपालमा आफै उपस्थित भई वा आयोगको इमेल ठेगाना ecn.ppm@election.gov.np वा जिल्ला निर्वाचन कार्यालय गोरखामा आफै उपस्थित भई वा जिल्ला निर्वाचन कार्यालय गोरखाको इमेल ठेगाना ec.deo36@gmail.com मा पेश गर्नुपर्ने हुन्छ । सोको लागि तहाँ पालिकाको वडा स्तरसम्म प्रचार प्रसार गरी सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।

तहाँ पालिकास्तर तथा वडास्तरमा सूचना एवं सुची सहितको विवरण प्रकाशन गर्ने क्रममा उठाईएको मुचुल्काहरु र सूचना प्रकाशित भएको ७ (सात) दिनभित्र निर्वाचन खर्च विवरण सार्वजनिक गर्ने उमेदवारहरुको विवरण सहितको प्रमाणित प्रति मिति २०७९/०५/०९ गतेभित्र यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

**संलग्न कागजातहरु**

- निर्वाचन आयोग नेपालद्धारा मिति २०७९/०५/०१ गते प्रकाशित सूचना थान २ (दुई),
- तोकिएको समयमा खर्च विवरण बुझाउने, विलम्ब गरी खर्च विवरण बुझाउने तथा तोकिएको समयमा खर्च विवरण नबुझाउने उमेदवारको विवरण थान १ (एक) ।

...............................
टेक बहादुर कोइराला
जिल्ला निर्वाचन अधिकारी



CamScanner

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय, गोरखा

प.सं. : ०७९/०८०
च.नं. : ................

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय गोरखा २०६१

मिति: २०७९/०५/०१

## स्पष्टीकरण पेश गर्ने तथा खर्च विवरण सार्वजनिक गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा निर्वाचन आयोग नेपालद्वारा मिति २०७९/०५/०१ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनकि सूचनाहरु ***स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्च विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिनभित्र सफाइ सहितका स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना र स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्च विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना,*** (जुन सूचनाहरु निर्वाचन आयोगको वेबसाइट www.election.gov.np मा हेर्न सकिनेछ भने तोकिएको समय सीमा भित्र खर्च विवरण पेश गर्ने, विलम्ब गरी खर्च विवरण पेश गर्ने तथा खर्च विवरण पेश नगर्ने उमेदवारहरुको नामावली सहितको विवरण यस कार्यालयको Facebook Id (*जिल्ला निर्वाचन कार्यालय गोरखा*), Facebook Page (***District Election Office Gorkha***) तथा सूचना पाटीमा हेर्न सकिने छ), बमोजिम सम्वन्धित उमेदवारले सूचना प्रकाशित भएको ७ (सात) दिनभित्र तपशिल बमोजिम गर्नु गराउनु हुन सवैको जानकारीको लागि अनुरोध छ ।

तपशिल:

- तोकिएको समयमा खर्च विवरण पेश गर्ने उमेदवारहरु मध्ये पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुख पदका उमेदवारहरुले आफुले निर्वाचनमा गरेको खर्च विवरण सम्वन्धित पालिकामा सार्वजनिक गर्ने ।
- तोकिएको समयमा खर्च विवरण पेश गर्ने उमेदवारहरु मध्ये वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य तथा खुला सदस्य पदका उमेदवारहरुले आफुले निर्वाचनमा गरेको खर्च विवरण सम्वन्धित वडा कार्यालयमा सार्वजनिक गर्ने ।
- तोकिएको समयमा खर्च विवरण पेश नगरी विलम्ब गरी पेश गर्ने उमेदवारहरु ६३८ जना र तोकिएको समयका खर्च विवरण पेश नगर्ने उमेदवारहरु ८४० जना गरी जम्मा १४७८ जना सवैले तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नवुझाएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्च विवरण नवुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? सो सम्वन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा ४ बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण सूचना प्रकाशित भएको ७ (सात) दिनभित्र निर्वाचन आयोग नेपालमा आफै उपस्थित भई वा जिल्ला निर्वाचन कार्यालय गोरखामा आफै उपस्थित भई वा आयोगको इमेल ठेगाना ecn.ppm@election.gov.np वा यस कार्यालयको इमेल ठेगाना ec.deo36@gmail.com मा पेश गर्ने ।


Web: www.election.gov.np Email: ec.deo36@gmail.com Phone : 064-420796

CamScanner